राष्ट्रिय 'क' वर्गमा वर्गीकृत

# बुटवल टुडे

साझा विचार, ताजा समाचार

राष्ट्रिय दैनिक

**खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।**

- सबै बालबालिकालाई तोकिएको समयतालिका अनुसार खोप लगाऔं।
- नवजात शिशुदेखि किशोर अवस्था सम्म आवश्यक सबै खोप दिऔं।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

राष्ट्रिय संस्करण | वर्ष १४ । अंक १८६ । शुक्रबार । ११ बैशाख २०८३ । Friday 24 April 2026 । पृष्ठ: ४ । मूल्य: ६ रूपैयाँ | www.butwaltoday.com



## नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
## विद्युत विकास विभाग

# लोवर बडिगाड जलाशययुक्त जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मिति: २०८३/०१/११)**

विद्युत विकास विभागबाट लुम्बिनी प्रदेश अन्तर्गत गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका, गुल्मी दरबार गाउँपालिका, रुरुक्षेत्र गाउँपालिका, रेसुङ्गा नगरपालिका, मुसिकोट नगरपालिका, चन्द्रकोट गाउँपालिका र सत्यवती गाउँपालिका र गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लाको कालिगण्डकी गाउँपालिका भएर बग्ने बडिगाड नदीको पानी प्रयोग गरी २३७.२ मेगावाट क्षमताको लोवर बडिगाड जलाशययुक्त जलविद्युत आयोजना प्रस्ताव गरिएको छ। प्रस्तावित आयोजना बमोजिम गुल्मी जिल्लाको सत्यवती गाउँपालिकाको वडा नं. ४ र रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ६ को सिमानामा रहेको लुम्दी खोला र बडिगाड नदीको संगम देखि ७०० मि. माथि बडिगाड नदीमा १९५ मि. को अग्लो बाँध बनाई ३.१ कि.मि. लामो सुरुङ माध्यम बाट गुल्मी जिल्लाको रुरुक्षेत्र गाउँपालिका वडा नं. २ स्थित रुद्रबेनी बजार नजिकै बडिगाड नदी र कालीगण्डकी नदीको संगम देखि ७५० मि. तल पट्टी कालीगण्डकी नदीको दायाँ किनारमा विद्युतगृह निर्माण गरी २३७.२ मेगावाट ऊर्जा उत्पादन गरिनेछ।

सो प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरूप यो सूचना प्रकाशित गरिएको छ। यस सूचना मार्फत प्रस्तावित आयोजनाबाट प्रभावित हुने सम्बन्धित गाउँपालिका तथा वडाहरू र त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, डिभिजन वन कार्यालयका प्रतिनिधि, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरू, स्थानीय महानुभावहरू साथै अन्य सबै सरोकारवालाहरूलाई निम्न लिखित तालिकामा उल्लेखित मिति, समय र स्थानमा उपस्थित भई यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उपर छलफलमा सहभागी भई यहाँहरूको अमुल्य राय-सुझाव लिखित वा मौखिक रूपमा दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाईको तालिका:**

| | | |
|---|---|---|
| **आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण** | **आयोजनाको प्रस्तावित जलाशयबाट हुने प्रभावित क्षेत्रहरू:** सत्यवती गाउँपालिकाको वडा नं. ४, ५, ६ र ७, रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ५ र ६, छत्रकोट गाउँपालिकाको वडा नं. १ र २, चन्द्रकोट गाउँपालिका वडा नं. ७ र ८, गुल्मी दरबार गाउँपालिकाको वडा नं. १ र २, रेसुङ्गा नगरपालिका वडा नं. १४ र मुसिकोट नगरपालिका वडा नं. ४, ५ र ६<br>**आयोजनाको संरचना (अवयव र सुविधा) प्रस्ताव गरिएका स्थानहरू** रुरुक्षेत्र गाउँपालिकाको वडा नं. २ र ६, सत्यवती गाउँपालिकाको वडा नं. ४<br>**आयोजना क्षेत्र भित्र कम बहाव हुने क्षेत्रहरू:** सत्यवती गाउँपालिकाको वडा नं. १, रुरुक्षेत्र गाउँपालिकाको वडा नं. २ र कालिगण्डकी गाउँपालिकाको वडा नं. २ | |
| **सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान** | **मिति:** २०८३/०१/१९ गते, शनिवार<br>**स्थान:** सत्यवती गाउँपालिकाको सभाहल (सत्यवती गाउँपालिका र छत्रकोट गाउँपालिका)<br>**समय:** बिहानको ७:३० बजे | **मिति:** २०८३/०१/२० गते, आइतबार<br>**स्थान:** रुद्रबेनी प्राथमिक विद्यालय (रुरुक्षेत्र गाउँपालिका)<br>**समय:** बिहानको ७:०० बजे |
| | मिति: २०८३/०१/२० गते, आइतबार<br>**स्थान:** रुरु साहाघाट (प्रतिक्षालय) (रुरुक्षेत्र गाउँपालिका)<br>**समय:** बिहानको ११:०० बजे | **मिति:** २०८३/०१/२० गते, आइतबार<br>**स्थान:** जनजागरण आधारभुत विद्यालय, आधिपाटा (रुरुक्षेत्र गाउँपालिका)<br>समय: दिउँसोको ३:०० |
| | **मिति:** २०८३/०१/२१ गते, सोमबार<br>**स्थान:** शिवालय मन्दिर, दम्का (चन्द्रकोट गाउँपालिका)<br>**समय:** बिहानको ११:०० बजे | **मिति:** २०८३/०१/२२ गते, मंगलवार<br>**स्थान:** ग्वादिका चौर, भुवाचिदी (मुसिकोट नगरपालिका र रेसुङ्गा नगरपालिका)<br>**समय:** बिहानको ७:०० बजे |
| | **मिति:** २०८३/०१/२३ गते, बुधबार<br>**स्थान:** श्री माझी प्राथमिक विद्यालय, बलिथुम, माझीगाउँ (गुल्मीदरबार गाउँपालिका)<br>**समय:** बिहानको ७:०० बजे | |

साथै, माथि उल्लेखित प्रभावित क्षेत्रका स्थानीयहरू आफुलाई पायक पर्ने मिति, समय र स्थान मा सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुन समेत विनम्र अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| **प्रस्तावकको नाम र ठेगाना:** | **परामर्शदाताको नाम र ठेगाना:** |
|---|---|
| **विद्युत विकास विभाग**<br>सानो गौचरण, काठमाडौं, नेपाल<br>फोन नं.- ९७७-१-४४३४११९<br>इमेल: info@doed.gov.np | **इ.आर.एम.सी., हाइड्रो कन्सल्ट ईन्जिनियरिङ्ग लिमिटेड र सिल्ट कन्सल्ट्यान्टस् प्रा.लि. को संयुक्त उपक्रम**<br>गङ्गा देवी मार्ग, बुद्धनगर-१०, काठमाडौं, नेपाल,<br>पोष्ट बक्स नं- १४४०८, टेलिफोन नं- ९७७-१-४७९२५०७/४७९५९२०,<br>इमेल : service@hcel.com.np |